# चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको कार्तिक महिनाको मासिक प्रगती प्रतिवेदन

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अपिहिमाल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खण्डेश्वरी, दार्चुला २०८१,

# २०८१ कार्तिक महिनाको मासिक प्रगति प्रतिवेदन:-

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

## १.पृष्ठभुमी:

नेपालको संविधानले स्थानीय तह अन्तरगत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने व्यवस्था गरेको छ । गाउँपालिका, नगरपालिकामा रहने वडाको संख्या संघीय कानून बमोजिम हुने व्यवस्था अनुरुप स्थानीय तह पुन संरचना आयोगको सिफारिसमा गाउँपालिका र नगरपालिकाको वडाको संख्या र केन्द्र नेपाल सरकारले तय गरी सकेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले हिमाली, पहाडी तथा भित्री मधेश, तराई र काठमाडौं उपत्यकाका जिल्लामा गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिका गठन गर्ने अलग अलग मापदण्ड तोकेको छ।नेपाल सरकारको उक्त मापदण्ड र प्रक्रिया पुऱ्याई गाउँपालिका / नगरपालिकाहरुको वर्गिकरण गर्न सक्ने व्यवस्था सँगै नेपालको संविधान भाग-५ को धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था बमोजिम स्थापना भएको दार्चुला जिल्ला अपिहिमाल गाउँपालिका खण्डेश्वरी, दार्चुलाले २०८१ कार्तिक महिनामा गरेको कार्य सम्पादनको मासिक प्रगति प्रतिवेदन तयार पारिएको छ।

## १.२. उद्देश्य:-

१. गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरुबाट मासिक रुपमा सम्पादन गरिएका कार्यहरुको विवरण तयार गर्ने।
२. कार्यसम्पादन सम्झौता बमोजिम मासिक रुपमा भएको कार्य सम्पादनको लेखाजोखा गर्ने।
३. मासिक रुपमा गाउँ कार्यपालिकाको कार्यलय तथा मातहतका कार्यालयहरुबाट कार्यान्वयन भइका सम्पादित कार्यको प्रगति प्रतिवेदन प्रकाशन गर्ने।
४. बार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना अनुसार कार्य भए नभएको एकिन गर्ने।

## १.३ महत्व:-

- नियमित रुपमा कार्यालयको कार्य प्रगतिको मापन हुने ।
- बार्षिक वजेट तथा कार्यक्रम समय सीमा भित्र कार्यान्वयन हुने।
- कार्य सम्पादनको क्रममा आउन सक्ने समस्या, कठिनाई र चुनौतीहरुको समयमै पहिचान भई समाधान हुने।
- कार्य सम्पादनमा सहयोग पुग्ने।
- प्रचलित ऐन,नियम, कार्यविधिको पालना हुने।
- कार्य जिम्मेवारी प्रति जवाफदेहीता बढ्ने ।
- सेवा प्रवाह पारदर्शी, सरल र सहज हुदै जाने।
- विभिन्न कार्यालयबाट माग भई आउने विवरणहरु समय सीमा भित्र माग गर्ने कार्यालयहरुलाई उपलब्ध गराउन सजिलो हुने।
- कर्मचारीहरुको कार्यक्षमताको पहिचान हुने।
- कार्यालयको तथ्यांक अध्यावधिकमा सहजता आउने।
- आम सरोकारवालाहरुमा सेवा प्रवाहको सम्बन्धमा मासिक रुपमा जानकारी हुने।

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

## २. कार्तिक महिनामा शाखा, इकाई तथा वडा कार्यालयबाट भएको कार्य सम्पादनको प्रगति विवरण :

### २.१ प्रशासन शाखाबाट २०८१ कार्तिक महिनामा भएको कार्य प्रगति विवरणः

- विभिन्न कार्यालय / मन्त्रालयबाट प्राप्त पत्र निवेदन १२२ वटा दर्ता गरी सम्वन्धित शाखा, उपशाखा लाई जानकारी गराई आवश्यक कारवाही गर्ने गराउने कार्य।
- विभिन्न कार्यालय / मन्त्रालयहरुमा पठाईएका पत्र संख्या ११५ चलानी गर्ने कार्य।
- विभिन्न किसिमका ३९ वटा सिफारिसहरु दिने कार्य गरिएको।
- जिल्ला समन्वय समितिको कार्यालय खलंगा दार्चुला र कृषि ज्ञान केन्द्र खलंगा दार्चुलाले माग गरे बमोजिमको विवरण पठाउने कार्य गरिएको।
- गाउँ कार्यपालिका बैठकका निर्णय लेखन कार्य ।
- गाउँ कार्यपालिका बैठक संख्या १ वटा बसी ८ वटा निर्णय भएको।
- कार्यपालिका बैठक निर्णय सार्वजनिक गर्ने गरेको।
- कार्यपालिका बैठकका निर्णय कार्यान्वयन प्रतिवेदन तयार गरी कार्यपालिका बैठकमा पेश गर्ने गरेको।
- मासिक कर्मचारी बैठक, शाखा प्रमुखहरुको बैठक संख्या १ वटा बसेको ।
- प्रशासन शाखाबाट विभिन्न किसिमका १३ वटा सूचनाहरु प्रकाशित गर्ने कार्य भएको।
- मासिक प्रगति प्रतिवेदन एकिकृत गर्ने कार्य भएको।
- विदा तथा भ्रमाणादेशको अभिलेख राख्ने कार्य।
- अन्य प्रशासनिक कार्यहरु नियमित भइरहेको।

### २.२. शिक्षा शाखाबाट २०८१ कार्तिक महिनामा भएको कार्य प्रगति विवरणः

- दर्ता भएको चिठी पत्र संख्या : ४ वटा।
- चलानी भएका चिठ्ठी पत्र : १० वटा।
- मिति २०८१ कार्तिक ०७ देखि ११ गते सम्म गाउँपालिकास्तरीय अध्यक्ष प्रिमियर Under-19 क्रिकेट प्रतियोगिता भव्यताका साथ सम्पन्न भएको।
- नियमित विद्यालय अनुगमन तथा सुपरीवेक्षण गरी विद्यालयको प्रशासनिक कार्यहरुमा सहजिकरण तथा शैक्षिक गतिविधिहरुको नियमन।
- गाउँपालिका अन्तरगत विभिन्न सामुदायिक विद्यालयहरुको वि.व्य.स. गठन प्रक्रियामा आवश्यक समन्वय तथा सहजिकरण।
- सप्रोस नेपालले आयोजना गरेको दिवा खाजा सम्बन्धी जिल्लास्तरीय समीक्षा कार्यक्रममा सहधागिता भएको।
- मिति २०८१/०७/११ गते वि.व्य.स. अध्यक्ष र प्र.अ.सँग दिवा खाजा सम्बन्धी बैठक सम्पन्न भएको।
- अन्य शिक्षा शाखाले गर्नु पर्ने नियमित कार्यालय कामकाज सहित नियमित विद्यालय अनुमगमन र सुपरीवेक्षण गरिएको।

### २.३. स्वास्थ्य शाखाबाट २०८१ कार्तिक महिनामा भएको कार्य प्रगति विवरणः

- स्वास्थ्य संस्थामा आएका जम्मा सेवागाही संख्या-७७२ जनालाई सेवा दिइएको।
- गाउँघर क्लिनिक सेवा लिएका सेवाग्राहि -१०८ जनालाई सेवा दिइएको।

- खोप सेवा पाएका-७० जना सेवा दिइएको ।
- महिला स्वयमसेविका मार्फत ५०५ जनालाई सेवा दिइएको ।
- ५ बर्ष मुनिका ३४४ जना वालवालिका लाई भिटामिन ए खुवाइएको ।
- प्रसुति सेवा ५ जनाले सेवा पाएको ।
- सुरक्षित गर्भपतन सेवा २ जनाले सेवा पाएको ।
- वडा नं. १,२ र ३ नं.मा ग्रामिण अल्ट्रासाउण्ड शिविर संचालन धयो १७ जना गर्भवतिहरुले सेवा लिएको ।

**२.४. कृषि शाखाबाट २०८१ कार्तिक महिनामा भएको कार्य प्रगति विवरणः**

- कृषि  विकास शाखा तथा वडा कृषि सेवा केन्द्रबाट नियमित सेवा तथा परामर्श दिने कार्य भएको ।
- कृषि विकास शाखाबाट नियमित सेवा अन्तरगत १ जना कृषकहरुले विभिन्न बालीमा लाग्ने ढुसी जन्य रोगको औषधि ५  जना कृषकहरुले किटनाशक औषधि २ जना  कृषकले सूक्ष्म खाध्यतत्व वितरण ।

**२.५. पशुपँछि इकाईबाट २०८१ कार्तिक महिनामा भएको कार्य प्रगति विवरणः**

- पशु सेवा शाखा तथा वडा पशु सेवा केन्द्रबाट नियमित सेवा परामर्श संचालन गरेको ।
- वडा नं. १,२,३,४,र ५ मा रहेको पशुपंछि ईकाइबाट औषधि उपलब्ध गराउने कार्य गरेको ।
- रोग नियन्त्रण तथा पशु स्वास्थ्यका लागि कृषकहरुको घर गोठमा उपचारपरामर्श सेवा दिने कार्य गरेको ।
- भेटेरिनरी अस्पताल तथा पशु वा विज्ञ केन्द्र दार्चुलाका आयोजना प्रस्तावमा सहजिकरण ।
  - **कार्तिक महिना भित्र तपसिलका कृषकलाई तपसिल बमोजिम सेवा परामर्श दिईएको ।**

| क्र.स. | सेवा लिएका पशुको किसिम | उपचार सेवा | | | | | | | | सेवाग्राही संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | parasite | mite | castration | anorexia | anestrus | wound | weakeness | redurine | | |
| १ | गाई/गोरु | ३१ | ७ | | १६ | ३ | १४ | ३ | | ४ | |
| २ | भैसी | ० | १ | | ६ | | २ | २ | | २ | |
| ३ | भेडा बाख्रा | ५३ | २४ | | २६ | ९ | ५६ | १४ | | १३ | |
| ४ | घोडा खच्चर | ११ | ५ | | ११ | | १२ | ८ | | ५ | |
| ५ | कुखुरा | ७ | ० | | | | | | | ३ | |
| ६ | अन्य | | | | | | | | | ४ | |
| | जम्मा | १०२ | ३७ | | ५९ | १२ | ८४ | २७ | | ३१ | |

**२.६.    योजना तथा अनुगन र पूर्वाधार विकास शाखाको २०८१  कार्तिक महिनाको कार्य प्रगति विवरणः**

- १६ वटा योजनाको सर्भे गर्ने कार्य सम्पन्न गरिएको ।
- १० वटा योजनाको डिजाइन इस्टिमेट, तयारी गर्ने कार्य गरेको ।
- संघीय तथा सामान्य प्रशासन मन्त्रालयको अन् लाईन प्रतिवेदन पेश गर्ने कार्य गरेको ।
- खण्डेश्वरी माविको नियमित सुपरिभिजन गर्ने कार्य गरेको ।

ईन्द्र बहादुर रावल
प्रशासकीय अधिकृत

२.७. **भूमि इकाईको २०८१ कार्तिक महिनामा भएको कार्य प्रगति विवरण:**

- साविकको खण्डेश्वरी गा.वि.स वडा नं. ६ हल अपिहिमाल गाउँपालिका वडा नं. ४बस्ने जग्गाधनी श्री धिरेन्द्र रोकायाले जग्गा नापजाचँ गर्नभनी दिएको निवेदन अनुसार जग्गाको नापजाचँ गरी सिमना छुट्याउने कार्य गरेको ।
- साविकको गुल्जर गा.वि.स वडा नं. १ हल अपिहिमाल गाउँपालिका वडा नं. ५ बस्ने जग्गाधनी श्री बिसन सिह धामीको जग्गा नापजाचँ गर्नभनी दिएको निवेदन अनुसार जग्गाको नापजाचँ गरी सिमना छुट्याउने कार्य गरेको

२.८. **महिला बालबालिका तथा समाज कल्याण इकाई शाखाबाट २०८१ कार्तिक महिनामा भएको कार्य प्रगति विवरण**

- वालवालिकाको तौल अनुगमन गरिएको ।
- खोप कार्यक्रममा सहभागिता भएको ।

२.९. **सूचना प्रविधि शाखाबाट २०८१ कार्तिक महिनामा भएको कार्य प्रगति विवरण:**

- गाउँपालिकाबाट विभिन मन्त्रालय तथा कार्यालयहरुमा पठाउनु पर्ने र प्राप्त भएका पत्रहरु पठाउने र प्रिन्ट गर्ने कार्य गरिएको ।
- गाउँ कार्यपालिका बैठकका निर्णयहरु, गाउँपालिका कार्यालयबाट जारी विभिन्न सूचनाहरु,शाखागत प्रतिवेदनहरु तथा अन्य जानकारीमूलक सूचनाहरु गाउँपालिकाको वेवसाईट र पेज मार्फत सूचना सार्वजनिक गर्ने कार्य गरेको ।
- विभिन्न मन्त्रालयका वेवसाईटहरु नियमित चेक गरी महत्वपूर्ण सूचनाहरु डाउनलोड गरी सम्बन्धित शाखा, उपशाखाहरुलाई उपलब्ध गराउने गरेको ।
- सूचना प्रविधि अधिकृतको सहयोग चाहिएमा गाउँपालिका र वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई फोन,म्यासेन्जर तथा भिडियोकल मार्फत वा स्वयं उपस्थित भई सहयोग गर्ने कार्य गरेको ।
- गाउँपालिका कार्यालय र मातहतका कार्यालयहरुमा नेटवर्किङमा समस्या आएमा तत्काल समाधान गर्ने गरेको।
- सूचना प्रविधि सँग सम्बन्धित अन्य नियमित कामकाज गर्ने गरेको ।

३. **आयुर्वेद शाखाबाट २०८१ कार्तिक महिनामा भएको कार्य प्रगति विवरण**

- अम्लपित्त रोगका ३८ जना बिरामीहरुलाई अविपत्तिकर चुर्ण उपलब्ध गराउने कार्य गरियो ।
- कास रुघाखोकी रोगका २६ जना बिरामीलाई सितोपलादि चुर्ण कासनास सिरप उपलब्ध गराउने कार्य गरियो ।
- चर्मरोग रोगका ४ जना बिरामीहरुलाई निम्वादि चुर्ण/गन्धक रसायन उपलब्ध गराउने कार्य गरियो ।
- वातव्याधी रोगका ८४ जना बिरामीहरुलाई मेन्थादी तैल/ महानारायण तैल/ परिवर्तन तैल/ योगराज गुग्गुल उपलब्ध गराउने कार्य गरियो ।
- अर्श रोगका २ जना बिरामीहरुलाई अर्श कुठार रस, त्रिफला चुर्ण, जात्यादि तेल उपलब्ध गारउने कार्य गरियो ।
- त्वक बिकार रझगका ४ जना बिरामीलाई गन्धक रसायन, निम्बादि चूण उपलब्ध गराउने कार्य गरियो ।

ईन्द्र बहादुर रावल
प्रशासकीय अधिकृत

- उदर रोगका २ जना बिरामीहरुलाई महाशखवटी उपलब्ध गराउने कार्य गरियो ।
- अन्य ६ जना सेवा ग्राहीहरुलाई सेवा दिने कार्य गरियो ।
- आयुर्वेद शाखाको नियमित कामकाज भैरहेको ।

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**३.१. खानेपानी सरसफाई तथा स्वच्छता इकाईबाट २०८१ कार्तिक महिनामा भएको कार्य प्रगति विवरण**

- पाथा कसौती खानेपानी तथा सरसफाइ योजना संरचनाहरु सरसफाइ / बैठक राख्ने कार्य सम्पन्न भएको ।
- खानेपानी योजनाको सर्भे गर्ने कार्य सम्पन्न गरेको ।

**३.२. उद्योग विकास शाखाबाट २०८१ कार्तिक महिनामा भएको कार्य प्रगति विवरण**

- ५ वटा नयाँ उद्योग दर्ता गर्ने कार्य गरियो ।
- ८ वटा उद्योग व्यवसाय नविकरण गर्ने कार्य गरियो ।
- उद्यमीहरुको व्यवसायिक योजना निर्माण गर्ने कार्य गरेको ।
- नवप्रवर्तनमा आधारित उद्यमशीलता तथा आय आर्जन कार्यक्रमको कार्यान्वयन गरियो ।

**३.४. पंजिकरण सेवा इकाईबाट २०८१ कार्तिक महिनामा भएको कार्य प्रगति विवरण**

- सामाजिक सुरक्षा नाम दर्ता गराउने कार्य भएको ज़स अन्तरगत जेष्ठ नागरिक-२, दलित जेष्ठ नागरिक-० जना विधवा-०, अपाङ्ग-० गरी जम्मा २ जना र ० जना लगत कट्टा गर्ने कार्य गरेको ।
- घटना दर्ता गर्ने कार्य गरियो (जन्म-२, मृत्यु-४, विवाह दर्ता-२ जोडी र बसाई सराई गरि जाने- ३ जना सम्बन्ध विच्छेद-१ जोडी पनि छैन ।
- सामाजिक सुरक्षा भत्ताको लागि बैंक सिफारिस दिने कार्य ।
- नागरिका प्रतिवेदन फारम भर्ने कार्य गरेको ।
- मासिक रिपोर्ट विभागमा पठाउने कार्य गरियो ।
- पंजिकरण सेवा इकाईबाट हुने नियमित कामकाज भईरहेको ।

**३.५. विपद् व्यवस्थापन शाखाबाट २०८१ कार्तिक महिनामा भएको प्रगति विवरण**

- जिल्ला विपद व्यवस्थापन समितिलाई माग गरेको विवरण पठाइएको ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले माग गरेको प्रगति विवरण Google Link मा भरी पठाउने कार्य भएको छ ।
- गाउँपालिका स्तरीयविपद व्यवस्थापन समितिले निर्णय गरे बमोजिमका लाभग्राहीहरुको नगद राहत रकम भुक्तानीका लागि फाइल तयार गर्ने कार्य गरेको ।
- विपद सम्बन्धी अन्य तथ्याकं अध्यावधिक गर्ने कार्य गरेको ।
- विपद व्यवस्थापन शाखाको दैनिक कामकाज गरेको ।

**३.६. न्यायिक समितिको सचिवालयबाट २०८१ कार्तिक महिनामा भएको प्रगति विवरण**

| उजुरी संख्या | उजुरी फछर्यौट संख्या | बाँकी उजुरी संख्या | न्यायिक समिति बैठक संख्य |
|---|---|---|---|
| ० | ० | २ असार महिनाको | ० |

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

३.७. **सूचना माग सम्बन्धी विवरण**:

| सूचना माग निवेदन संख्या | सूचना उपलब्ध गराएको संख्या | बाँकी | कैफियत |
|---|---|---|---|
| ० | ० | ० | |

३.८. **राजस्व शाखाबाट २०८१ कार्तिक महिनामा भएको प्रगति विवरण**:

अपिहिमाल गाउँपालिका अन्तरगत राजश्व शाखाबाट तपसिल बमोजिमको शीर्षकमा राजश्व संकलन भएको ।

| **राजश्व शिर्षकहरु:** | **संकलन रकम रु** |
|---|---|
| मालपोत (भुमिकर) | ८२५० |
| प्रशासनिक सेवा शुल्क | ० |
| सिफारिस दस्तुर | ० |
| घटना दर्ता | ० |
| नाता प्रमाणित | ० |
| जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० |
| व्यवसाय कर | ८८१० |
| अन्य कर | |
| दरखास्त दस्तुर | ५०० |
| **जम्मा:** | **१७५६०** |

वडा कार्यालयहरुलाई मासिक रुपमा राजस्व दाखिला गर्न अनुरोध गरिएको ।

३.९. **रोजगार सेवा केन्द्र बाट २०८१ कार्तिक महिनामा भएको प्रगति विवरण:**

- रोजगार सेवा केन्द्र अन्तरगत संचालन हुने योजनाहरुको योजना स्थलमा गई विस्तृत लागत इस्टिमेट लागि नापजाँच गर्ने कार्य गरेको ।
- गाउँपालिका भरिका वडाहरुमा गई आ.व. २०८१/०८२ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत छनौट भएका श्रमिकहरुलाई कामकमा खटिनु पुर्व अभिमुखिकरण कार्यक्रम संचालन गर्ने कार्य गरेको
- प्रधानमन्त्री रोजगार कार्यक्रम तथा अध्यक्ष रोजगार कार्यक्रमको योजनाहरुको वडाहरुमै गई सम्झौता गर्ने कार्य सम्पन्न गर्ने कार्य गरेको ।
- कार्यस्थलमा सुरक्षा सामग्री खरिदको लागि लागत इस्टिमेट तयार तथा कार्यान्वयन गर्ने कार्य गरेको ।

४. **जिन्सी इकाईको २०८१ कार्तिक महिनामा भएको प्रगति विवरण:**

- अपिहिमाल गाउँपलिका वडा नं. १,२ र ३ को कार्यालयको लागि फर्निचर खरिदको दरभाउपत्र मूल्याकन गर्ने कार्य गरेको ।
- अपिहिमाल गाउँपालिका शिक्षा शाखाको सामुदायिक विद्यालयको दिवा खाजा तयारीको ग्यास सिलिन्डर र अन्य सामाग्रीहरु खरिद गर्ने कार्य गरेको
- अपिहिमाल गाउँपालिकाको कार्यालयको कार्यालयको स्वास्थ्य शाखाको लागि औषधि खरिद गर्ने कार्य गरेको ।
- आयूर्वेद औषधि खरिदको गर्ने कार्य गरेको ।

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला

## ४.१. अपिहिमाल गाउँपालिका अन्तरगतका ६ वटै वडाहरुको २०८१ कार्तिक महिनाको कार्य प्रगति विवरण:-

### ४.२. सेवा प्रवाहको विवरण:

| सि.नं. | महिना | चार किल्ला प्रमाणित | घरबाटो प्रमाणित | नाता प्रमाणित | आम्दानी प्रमाणित | जन्म प्रमाणित | विवाह प्रमाणित | पत्र चलानी | सेवा प्राप्तिको निवेदन दर्ता | अन्य सिफारिस | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | **कार्तिक** | ६ | १ | १४ | १ | ३ | ० | ३५९ | १२२ | १५४ | |

### ४.३. घटना दर्ताको विवरण:

| सि.नं. | महिना | जन्म दर्ता | | मृत्यु दर्ता | | बसाइसराई दर्ता | | | विवाह दर्ता | सम्बन्धि विच्छेद दर्ता | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | दर्ता संख्या | बसाई सरी गएको | बसाई सरी आएको | | | |
| | | ३ | २ | ४ | १ | १ | ० | १ | १ | ० | |

### ४.४. नागरिता सिफारिसको विवरण:

| क्र.स. | नागरिता सिफारिस | | नागरिता प्रतिलिपि सिफारिस | | अंगिकृत नागरिता सिफारिस | | अन्य सिफारिस | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरुष | महिला | पुरुष | महिला | पुरुय | महिला | पुरुष | महिला | |
| | ९ | ८ | ४ | १० | ० | ० | | ० | |

### ४.५. २०८१ कार्तिक महिनाको वडागत राजस्व सम्बन्धि विवरण:

| राजस्व शीर्षक | वडा नं.१ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | **जम्मा** | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| मालपोत (भुमीकर) | ० | | ० | २५० | ० | १५६११ | १५८६१ | |
| घर बहाल कर | ० | | ० | ० | | २९५२ | २९५२ | |
| प्रशासनिक सेवा शुल्क(न्यायिक,परिक्षा,ठेक्का) | ० | | ० | ० | ० | ० | | |
| सिफारिस दस्तुर | ३०० | १०३० | ८९९० | ९४८० | ४२० | ४६०० | २४८२० | |
| घटना दर्ता | १००० | २४०० | १००० | २५०० | ० | २००० | ८९०० | |
| नाता प्रमाणित | २२० | २५५० | ३३० | ६६० | ० | ० | ३७६० | |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ० | ० | ० | ११०० | ० | ० | ११०० | |
| रेडियो एफ.एम.सञ्चालन | ० | ० | ० | ० | ० | ० | ० | |
| दण्ड जरिवाना वापत | ० | ० | ० | ० | ० | ० | ० | |
| धरौटी सदर | ० | ० | ० | ० | ० | ० | ० | |
| व्यवसाय कर | १००० | ११०० | १६०० | ० | ० | ० | ३७०० | |
| अन्य दस्तुर (दर्ता इजाजतपत्र) | ० | ० | ० | ० | ० | ० | | |
| अन्य कर | ४३५० | ५०० | | ६९०० | ० | ० | ११७५० | |
| **जम्मा** | ६८७० | ७५८० | ११९२० | २०८९० | ४२० | २५१६३ | ७२८४३ | |

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत